आयोजना प्रमुख

नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मंत्रालय

भूकम्पीय आवास पुनर्निर्माण आयोजना

# जिल्ला आयोजना कार्यान्वयन इकाई

सिन्धुली

## सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति : २०७३/१२/१८

यस कार्यालयबाट चालू आ.व.०७३।०७४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भूकम्पीय आवास पुनर्निर्माण आयोजना अन्तरगत देहाय बमोजिमको कार्य सिलबन्दी बोलपत्रबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रीतपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

१) यो सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म कार्यालय समय भित्र तोकिएको बोलपत्र फाराम दस्तुर (फिर्ता नहुने) तिरी नवीकरण भएको आयकर/मू.अ.कर प्रमाण पत्र, संस्था दर्ता प्रमाणपत्र र इजाजत पत्रको प्रमाणित प्रतिलिपि, आर्थिक वर्ष ०७२/०७३ सम्म कर चुक्ता गरेको प्रमाण पत्र साथ निवेदन दिएमा यस कार्यालयबाट बोलपत्र सम्बन्धि कागजात खरिद गर्न सकिनेछ।

२) खरिद भएका बोलपत्र सम्बन्धी कागजातहरुमा विवरण भरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे सम्म निम्न उल्लेखित बोलपत्र जमानत रकम *कोष तथा लेखा नियन्त्रक कार्यालय सिन्धुलीको नाममा राष्ट्रिय वाणिज्य बैंक सिन्धुलीमाढी स्थित धरौटी खाता नं. १०६०२०३००००००* मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र जमानत रकम बराबरको कम्तीमा १२० दिन सम्म म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकको जमानी पत्र (बिड बन्ड) संलग्न राखी पेश गर्नु पर्नेछ।

३) रितपूर्वक पर्न आएका बोलपत्रहरु १६औं दिनको १ बजे नियमानुसार कार्यालय र निर्माण व्यवसायी प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। निर्माण व्यवसायी प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४) बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मिति देखि ९० दिन हुनेछ।

५) बोलपत्र खरीद गर्न र पेश गर्न तोकिएको अन्तिम दिनहरुमा सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उक्त कार्यहरु सोही समयमा गरिनेछ।

६) बोलपत्रमा निर्माण व्यवसायीले कबोल गरेको दर अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

७) बोलपत्र पूर्व बैठक (pre-bid meeting) मिति २०७३/१२/२३ गते दिनको १ बजे यस कार्यालयमा हुनेछ।

८) दररेट उल्लेख गर्दा भ्याट बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ।

९) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार कार्यालयमा निहित हुनेछ।

१०) भएको कामको भुक्तानी यस कार्यालयबाट बजेट निकासाको आधारमा गरिनेछ।

११) बोलपत्र सम्बन्धी थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१२) यसमा उल्लेख भए बाहेक अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी सार्वजकि खरिद कार्यविधि २०७२ अनुसार हुनेछ।

१३) कामको बिवरण निम्नानुसार छ।

| ठेक्का नं. | योजनाको नाम | ल.ई. रकम (कन्टिन्जेन्सी र भ्याट बाहेक) रु | बोलपत्र जमानत रकम रु | बोलपत्र फाराम दस्तुर रु |
|---|---|---|---|---|
| १/०७३-०७४ | साबिक गा.वि.स.पुरानो झांगाझोलीको भवन निर्माण | ५१,०६,५००/ | १७०,०००/ | ३०००/ |
| २/०७३-०७४ | साबिक गा.वि.स.बस्तीपुरको भवन निर्माण | ५१,०६,५००/ | १७०,०००/ | ३०००/ |